आज मिति २०८२।११।१५ गते शुक्रवारका दिन बिहान ०८:०० बजे यस बागमती गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाख्रिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

CamScanner

मिति: २०८२।११।१५ गते    गाउँ कार्यपालिका    बैठक नं ८०

| क. सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा। | |
| २ | १५ शैया आधारभूत अस्पतालको अन्तिम भुक्तानी सम्वन्धमा। | |
| ३ | कार्यविधि सम्वन्धमा। | |
| ४ | शोध भर्ना सम्वन्धमा। | |
| ५ | क्रसर निर्माण ठेक्काको म्याद थप सम्वन्धमा। | |
| ६ | क्रसर निर्माणका लागि पेश्की सम्वन्धमा। | |
| ७ | नदीजन्य पदार्थको पुनः ठेक्का सम्वन्धमा। | |
| ८ | विविध १, २, ३, ४ र ५ | |

सर्केश घलान
अध्यक्ष

CamScanner

मिति: २०८२/११/१५ गते                    गाउँ कार्यपालिका                    बैठक नं ८०

निर्णयहरु

*निर्णय नं. ०१*

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०२*

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा बागमती गाउँपालिका अन्तर्गत १५ शैया आधारभूत अस्पताल निर्माणका लागि आ.व. २०७९/२०८० मा सङ्घीय सरकार मार्फत अनुदान प्राप्त भई आ. व. २०७९/०८० मा DPR अनुसारको लागत अनुमान ने. रु. २२,८५,७९,११५।१६ (अक्षरेपि बाईस करोड पचासी लाख उनानअसी हजार एक सय पन्ध्र रुपैयाँ सोह्र पैसा मात्र) को ठेक्का आ. व. २०७९/०८० मा आह्वान गरी सबै भन्दा कम रकम कबोल गरेको श्री शिवालय बिल्डर्स प्रा.लि., काभ्रेसँग मिति २०८०/०२/२४ गते ने.रु. १७,८८,६१,०९९।५२ (अक्षरेपि सत्र करोड अठासी लाख एकसट्ठी हजार उनानसय रुपैयाँ बाउन्न पैसा मात्र) मा सम्झौता गरी निर्माण कार्य अगाडि बढाईएको एवं ठेक्का सम्झौता मुताविकको बजेट निकासाको अभाव तथा समयमा निकासा नभएको कारण नियमित ठेक्का सम्झौता अवधिको शुरुको २ (दुई) वर्षमा कार्यसम्पन्न हुन नस्कदा ठेक्काको म्याद मिति २०८२/०२/२२ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार ठेक्काको म्याद पहिलो पटक मिति २०८२/०५/२३ गते सम्म थप गरेको र मिति २०८२/०५/२० गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार ठेक्काको म्याद दोस्रो पटक मिति २०८२/०८/२० गते सम्म थप गरी कार्यसम्पन्न गरिएकोमा गत विगतका आ. व. २०७९/२०८० मा पेश्की वापत पहिलो किस्ता ने. रु. १,७८,३५,०००।०० (अक्षरेपि एक करोड अठहत्तर लाख पैंतीस हजार मात्र) प्रदान गरिएको एवं बजेट निकासा ढिलो भई निर्माण कार्यमा ढिलाई हुने भएकोले बागमती गाउँपालिकाको आ. व. २०८०/०८१ मा क्रसर निर्माण शीर्षकमा विनियोजित बजेटबाट शोधभर्ना हुनेगरी दोस्रो पेश्की वापत ने. रु. १,७८,३५,००० (अक्षरेपि एक करोड अठहत्तर लाख पैंतीस हजार मात्र) प्रदान गरी निर्माण कार्य आगाडि बढाउँदै जाँदा रनिङ्ग बिल बापत प्रथम रनिङ्ग बिलको रकम ने. रु. ४६,७२,८८४।८२ (अक्षरेपि छ्यालीस पचासी लाख बहत्तर हजार आठ सय चौरासी रुपैयाँ बयासी पैसा मात्र), दोस्रो रनिङ्ग बिलको रकम ने. रु. २,५१,०६,०५०।८२ (अक्षरेपि दुई करोड एकाउन्न लाख साठी हजार पचास रुपैयाँ बयासी पैसा मात्र), तेस्रो रनिङ्ग बिलको रकम ने. रु. ४,७५,३४,२१५।८५ (अक्षरेपि चार करोड पचहत्तर लाख चौंतीस हजार दुई सय पन्ध्र रुपैयाँ पचासी पैसा मात्र) चौथो रनिङ्ग बिलको रकम ने. रु. ६,७९,३७,०७१।७६ (अक्षरेपि छ करोड उनानअसी लाख सैंतीस हजार एकहत्तर रुपैयाँ छ्यहत्तर पैसा मात्र), पाँचौं रनिङ्ग बिलको रकम ने. रु. ३,३४,०२,३५५।५० (अक्षरेपि तीन करोड चौंतीस लाख दुई हजार तीन सय पचपन्न रुपैयाँ पचास पैसा मात्र) र अन्तिम बिलको रकम ने. रु. ७१,५८,२१८।३१ (अक्षरेपि एकहत्तर लाख अन्ठाउन्न हजार दुई सय अठार रुपैयाँ एकतीस पैसा मात्र) गरी जम्मा रकम ने. रु. १८,५८,१०,७९६।५२ (अक्षरेपि अठार करोड अन्ठाउन्न लाख दश हजार सात सय छयानब्बे रुपैयाँ बाउन्न पैसा मात्र) भुक्तानी गर्नु पर्नेमा चौथो बिलबाट ने. रु. १५,००,०००।०० (अक्षरेपि पन्ध्र लाख मात्र) कम रकम भुक्तानी भएकोले सो समेत गरी पाँचौं रनिङ्ग बिल र अन्तिम बिल गरी जम्मा रकम ने. रु. ४,२०,६०,५७३।८१ (अक्षरेपि चार करोड बीस लाख साठ्ठी हजार पाँच सय त्रिहत्तर रुपैयाँ एकासी पैसा मात्र) भुक्तानी गर्नु पर्ने एवं निर्माण कार्य गर्ने सिलसिलामा प्राविधिक प्रतिवेदन र साइटको आवश्यकता अनुसार योजनाको

सर्केश घलान
अध्यक्ष

CamScanner

दिगोपना, संरक्षण र सुरक्षालाई मध्यनजर गर्दै केही नयाँ आइटम थपघट गरि मिति २०८२/०४/२६ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार भेरिएशन स्वीकृत गरी नयाँ ठेक्का सम्झौता रकम ने. रु. १८,७०,०८,८२०।८५ (अक्षरेपि अठार करोड सत्तरी लाख आठ हजार आठ सय बीस रुपैयाँ पचासी पैसा मात्र) हुन गएकोमा उक्त भेरिएशन सहितको नयाँ सम्झौता मुताबिकको कार्य पछिल्लो चरणमा अन्तिम पटक म्याद थप गरिएको मिति २०८२/०८/२० गते भित्रमा नै कार्य सम्पन्न गरिएको भएता पनि सङ्घीय सरकारको बजेट निकासा समयमा नभएको तथा सङ्घीय सशर्त अन्तर्गत पालिका अन्तर्गत निर्माणाधीन ५/१०/१५ शैया आधारभूत अस्पतालको मोबिलाइजेशन तथा सृजित दायित्व भुक्तानी शीर्षकमा निकासा भएको रकम रु. ८ करोड ४८ लाख मध्येबाट गत विगतमा गाउँपालिकाको क्रसर निर्माण शीर्षकमा विनियोजित रकमबाट गत विगतमा गाउँपालिकाले १५ शैया आधारभूत अस्पताल निर्माणार्थ प्रदान गरिएको रकम शोधभर्ना गरी भुक्तानी गर्नु पर्ने कारण पनि केही ढिलाई हुन गएकोले सो समेतलाई मध्यनजर गर्दै अब भुक्तानी बाँकी रकम ने. रु. ४,२०,६०,५७३।८१ (अक्षरेपि चार करोड बीस लाख साठ्ठी हजार पाँच सय त्रिहत्तर रुपैयाँ एकासी पैसा मात्र) रकम अन्तिम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०३*

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ. व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई देहायानुसारको कार्यविधिको मस्यौदा तयारीका लागि अनुरोध गर्ने निर्णय गरियो।

देहाय

| क्र.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिकाको बाल अधिकार समिति गठन तथा संचालन कार्यविधि, २०८२ | निर्माण |

*निर्णय नं. ०४*

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा बागमती गाउँपालिका अन्तर्गत १५ शैया आधारभूत अस्पताल निर्माणका लागि आ.व. २०७९/२०८० मा सङ्घीय सरकार मार्फत अनुदान प्राप्त भई आ.व. २०७९/०८० मा DPR अनुसारको लागत अनुमान ने.रु. २२,८५,७९,११५।१६ (अक्षरेपि बाईस करोड पचासी लाख उनानअसी हजार एक सय पन्ध्र रुपैयाँ सोह्र पैसा मात्र) को ठेक्का आ.व. २०७९/०८० मा आह्वान भइ सबै भन्दा कम रकम कबोल गरेको श्री शिवालय बिल्डर्स प्रा.लि. काभ्रेसँग मिति २०८०/०२/२४ गते ने. रु. १७,८८,६१,०९९।५२(अक्षरेपि सत्र करोड अठासी लाख एकसठ्ठी हजार उनानसय रुपैयाँ बाउन्न पैसा मात्र) मा सम्झौता गरी निर्माण कार्य अगाडि बढाउने सिलसिलामा बजेट निकासा ढिलो हुन गई निर्माण व्यवसायीलाई दोस्रो पेश्की रकम भुक्तानी गर्न नसकिएको हुँदा निर्माण कार्यमा ढिलाई हुन जाने देखिएकोले आ. व. २०८०/८०८१ मा बागमती गाउँ कार्यपालिकाको मिति २०८०/११/१७ गतेको निर्णयानुसार क्रसर निर्माण (ख.शी.न. ३११५९) बाट पछि शोधभर्ना हुने गरी मिति २०८०/११/२७ मा ने. रु. १,५४,३५,०००।०० (अक्षरेपि एक करोड चवन्न लाख पैंतीस हजार मात्र) पेश्की बापत र मिति २०८०/१२/०२ मा ने. रु. ४६,७२,८८४।०० (अक्षरेपि छयालीस लाख बहत्तर हजार आठ सय चौरासी रुपैयाँ मात्र) पहिलो रनिङ बिल गरी ने. रु. २,०१,०७,८८४।०० (अक्षरेपि दुई करोड एक लाख सात हजार आठ सय चौरासी मात्र) भुक्तानी प्रदान

सर्केश घलान
अध्यक्ष

CamScanner

गरिएको एवं निर्माण कार्य आगाडि बढाउँदै जाँदा निर्माण व्यवसायीबाट आ.व. २०८१/०८२ मा चौथो रनिङ्ग बिल अनुसारको रकम माग भएकोमा संङ्घीय सरकारबाट प्राप्त बजेट अपुग भएकोले मिति २०८२/०३/१३ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार बागमती गाउँपालिकाको आ.व. २०८१/२०८२ मा क्रसर निर्माणका लागि विनियोजित बजेट खर्च नहुने देखिएको हुँदा उक्त शीर्षकबाट पछि शोधभर्ना हुने गरी प्राविधिक कार्यसम्पन्न प्रतिबेदनको आधारमा अधिकतम रु. ३,५०,००,०००।०० (अक्षरेपि तीन करोड पचास लाख मात्र) रकम उपलब्ध गराइ उक्त काममा सहजीकरण गर्ने भनि निर्णय भए मुताबिक गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८२/०३/२३ गते रु. ३,०७,५८,५९६।०० (अक्षरेपि तीन करोड सात लाख अन्ठाउन्न हजार पाँच सय छयानब्बे) भुक्तानी प्रदान गरेकोमा पालिकाको क्रसर निर्माण शीर्षकबाट पछि शोधभर्ना हुने गरी प्रदान गरेको जम्मा रकम रु. ५,०८,६६,४८०।०० (अक्षरेपि पाँच करोड आठ लाख छैसट्ठी हजार चार सय असी रुपैयाँ मात्र) गाउँपालिकाले गत बिगतका आ.व. २०८०/०८१ मा रु. २,०१,०७,८८४।०० रुपैयाँ र २०८१/०८२ मा रु. ३,०७,५८,५९६।०० गरी जम्मा रु. ५,०८,६६,४८०।०० रुपैयाँ उक्त योजनाको निर्माण कार्यलाई छिटो, छरितो होस् र समयमा नै गुणस्तरीय तवरले कार्यसम्पन्न होस् भन्ने हेतुले बजेटको अभाव हुन नदिने मनसायका साथ पछि शोधभर्ना हुने गरी गाउँ कार्यपालिकाको निर्णयद्वारा गाउँपालिकाको बजेट उपलब्ध गराई भुक्तानी दिईएकोमा आ.व. २०८२/२०८३ मा सङ्घीय सशर्त अनुदान तर्फ बिनियोजित पालिका अन्तर्गत निर्माणधीन १५ शैया आधारभूत अस्पतालको मोविलाइजेसन तथा सृजित दायित्व भुक्तानी शीर्षकमा विनियोजित बजेट रु. ८,४८,००,०००।०० बाट १५ शैया आधारभूत अस्पतालको अन्तिम भुक्तनीको लागि आवश्यक रकम रु. ४,२०,६०,५७३।८२ रकम घटाएर बाँकी हुन आएको रु. ४,२७,३९,४२६।१८ रकम आन्तरिक स्रोतमा शोध भर्ना गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*__निर्णय नं. ०५__*

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा आ.ब. २०८१/०८२ को आयोजना "क्रसर निर्माण" Project Title "Construction, Installation, Testing and Commissioning of 100 TPH Crushing Plant at Bagmati, Makwanpur.", IFB No: BRM/NCB/TEND/010/2081/082 को मिति २०८२/०१/३० मा PPMO को Online Portal तथा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा समेत बोलपत्र प्रकाशित भई मिति २०८२/०५/१९ मा सम्झौता भइ मिति २०८२/११/१९ भित्र कार्यसम्पन्न गर्ने गरि कायदिश दिईएकोमा गाउँपालिकाको आन्तरिक स्रोतको अभावको कारण समयमै पेश्की दिन नसकेकोले उक्त कार्य तोकिएको अवधिमा सुचारु तथा सम्पन्न हुन नसकेको एवं श्री MARSYANGDI-APPLIED JV, Kathmandu, Nepal को च.नं. 082/083/BRM/04, मिति 10th February 2026 गतेको प्राप्त पत्रबाट उक्त कार्यसम्पन्न गर्नका लागि थप ६(छ) महिना म्याद थप गरिदिन माग भए अनुसार उक्त योजना कार्यान्वयनको महत्व, प्रकृति, बजेटको उपलब्धता लगायतका विविध पक्षहरुलाई मध्यनजर गर्दै GCC 35.2, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० एवं बागमती गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को निमय १२९ मा भएको प्रावधान अनुसार मिति २०८३/०५/१८ गते सम्मका लागि उक्त ठेक्काको म्याद थप गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CS CamScanner

मिति: २०८२/११/१५ गते　　　　गाउँ कार्यपालिका　　　　बैठक नं ८०

<u>निर्णय नं ०६</u>

**प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा विनियोजित क्रमागत योजना अन्तर्गत क्रसर निर्माण (ठेक्का नं. BRM/NCB/TEND/010/2081/082) योजना कार्यान्वयनार्थ ठेक्का प्रक्रिया अगाडि बढाई मिति २०८२/०५/१९ गते सम्झौता भइ कार्यादेश प्रदान गरिएकोमा MARSYANGDI-APPLIED JV काठमाडौंको च.नं. 082/083/BRM/02, मिति 7th November 2025, च.नं. 082/083/BRM/03, मिति 12th December 2025 र च.नं. 082/083/BRM/04, मिति 10th February 2026 को प्राप्त पत्रानुसार APG संलग्न गरी रु. ४६,१०,०००।०० (अक्षरेपि छयालीस लाख दश हजार रुपैयाँ) पेश्की माग गरेकोमा विगतमा गाउँपालिकाको आन्तरिक स्रोतमा बजेट आभावका कारण उक्त पेश्की बापतको रकम प्रदान गर्न नसकिएकोमा चालु आ.व. २०८२/०८३ को सङ्घीय सशर्त अनुदान तर्फ पालिका अन्तर्गत निर्माणाधीन ५/१०/१५ शैया आधारभूत अस्पतालको मोबिलाइजेशन तथा सुजित दायित्व भुक्तानी शीर्षकमा बिनियोजित बजेट रु. ८ करोड ४८ लाख हाल निकासा समेत भइसकेको अवस्थामा क्रसर निर्माण योजनाबाट गाउँपालिकाले गत विगतका आ.व. २०८०/०८१ मा रु. २,०१,०७,८८४।०० रुपैयाँ र २०८१/०८२ मा रु. ३,०७,५८,५९६।०० गरी जम्मा रु. ५,०८,६६,४८०।०० रुपैयाँ उक्त योजनाको निर्माण कार्यलाई छिटो, छरितो होस् र समयमा नै गुणस्तरीय तवरले कार्यसम्पन्न होस् भन्ने हेतुले बजेटको अभाव हुन नदिने मनसायका साथ पछि शोधभर्ना हुने गरी गाउँ कार्यपालिकाको निर्णयद्वारा गाउँपालिकाको बजेट उपलब्ध गराई भुक्तानी दिईएकोमा उक्त विनियोजित रकम रु. ८ करोड ४८ लाख मध्ये सो योजनाको अन्तिम भुक्तानीको लागि आवश्यक रु. ४,२०,६०,५७३।८२ रकम घटाएर बाँकी हुन आएको रु. ४,२७,३९,४२६।१८ रकम आन्तरिक स्रोतमा शोध भर्ना गरिने भएको हुँदा यस क्रसर निर्माण योजनाको प्रभावकारी एवं तीव्र रुपमा कार्यान्वयनका लागि माग गरे बमोजिमको पेश्की रकम उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

<u>निर्णय नं ०७</u>

**प्रस्तावित विषय नं. ०७** माथि छलफल गर्दा बागमती गाउँपालिकाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा लगायत) को आन्तरिक आय ठेक्का मार्फत बिक्री गरी गाउँपालिकाको आन्तरिक राजश्वलाई मजबुत बनाउन र सोको अभिवृद्धि गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले निर्दिष्ट गरेका देहायका बिन्दुहरुबाट यस गाउँपालिकाको गत विगत आ.व. मा संकलित राजश्वको आधार, नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री एवं प्रयोगको गत विगतको अवस्था, बजारीकरण लगायतका विषयहरुलाई समेत दृष्टिगत गरी प्रचलित कानुनको अधीनमा रहि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निर्दिष्ट गरेका बिन्दुहरुबाट मिति २०८२/०९/१८ गतेको गाउँ कार्यपालिकाको निर्णय मुताबिक गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८२/१०/०९ गतेका दिन आन्तरिक आयको ठेक्का व्यवस्थापनका लागि Bid Publish गरेकोमा मिति २०८२/११/१० गतेका दिन Bid Opening गर्दा कुनै पनि बोलपत्रदाता उक्त बोलपत्रमा सहभागी नभएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ उपदफा ४(क) एवं सार्वजनिक खरिद नियमावली, २०६४ तथा बागमती गाउँपालिकाको सार्वजनिक खरिद नियामावली, २०८१ तथा प्रचलित कानुनको अधीनमा रहि पुनः ठेक्का आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

*मितिः २०८२।११।१५ गते* *गाउँ कार्यपालिका* *बैठक नं. ८०*

*निर्णय नं. ०८*

प्रस्तावित विषय नं. ०८ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरकुरे, मकवानपुर बागमती प्रदेश, नेपाल

१. बागमती गाउँपालिकाको ट्रिपरले आकाश प्राखिनलाई ठक्कर दिए वापत निजको उपचारको क्रममा पालिकाले विभिन्न भौचरबाट चितवन मेडिकल कलेजलाई रु. ५,२२,७७५।०० र सि.एम.सि. फार्मेसीलाई रु. १,५०,०००।०० गरी जम्मा रु. ६,७२,०००।०० गाउँपालिका विपद् व्यवस्थापन कोषबाट भुक्तानी गरिएकोमा उक्त ट्रिपरको विमा प्रदायक संस्था सिद्धार्थ प्रिमियर ईन्स्युरेन्ससँग गाउँपालिकाले उक्त बिरामीलाई गरेको सम्पूर्ण खर्च रु. ६,७२,०००।०० बराबरको रकम नै विमा दावी गरेकोमा उक्त संस्थाबाट नियमानुसार भनि बागमती गाउँपालिकाको बागमती गा.पा. ग-२-३ विविध खर्च खातामा रु. ३,००,०००।०० बीमा बापतको रकम जम्मा गरिदिएको हुँदा सो रकम आम्दानी बाँधी गाउँ कार्यपालिकाको कार्यालयले शोध भर्ना गरि सकेको र बेरुजु समेत फस्यौंट गरिएको हुँदा सोको सम्परीक्षण गरी उक्त दफामा उल्लिखित रु. ६,७२,०००।०० वेरुजु प्रारम्भिक प्रतिवेदनबाट हटाईदिनका लागि महालेखापरीक्षक समक्ष अनुरोध गर्ने।

२. नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी ललितपुरको मिति २०८२/१०/२८ गते स्थानीय तहसँगको लागत साझेदारीमा सीपमुलक तालिम कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार बागमती गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८२/११/१० गतेका दिन मन्टेश्वरी र ब्यूटीपार्लर ३९० घण्टे तालिम संचालनका लागि कार्यक्रम प्रस्तावना पेश गरेकोमा उक्त प्रस्तावलाई अनुमोदन गर्दै बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा सङ्घीय सरकार, प्रदेश सरकार एवं अन्तर स्थानीय तह साझेदारी कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२ को दफा २६ को उपदफा ५ बमोजिम लागत साझेदारी व्यहोर्ने।

३. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा विनियोजित आपत् विपद्मा परेका स्थानीय नागरिकहरुलाई आर्थिक सहायता प्रदान खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने।

<u>देहाय</u>

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | लाले राई | बागमती-०४ | १००००।०० | |
| २ | पञ्चलाल थिङ | बागमती-०९ | १००००।०० | |
| ३ | फिलिम मोन राई | बागमती-०१ | १००००।०० | |

सर्केश घलान
अध्यक्ष

CamScanner

४. बागमती गाउँपालिका वडा नं. [illegible] निवासी कृष्ण बहादुर लोप्चनले आफ्नो छोरा पाल्तुड ध्वर्जे लोप्चन मानसिक रोगबाट ग्रसित हुन गएको र उपचाररत रहेको एवं निजको नाती सुदिप लोप्चन हाल बाघ भैरव मा.वि., बेतिनीमा कक्षा ४(चार) मा अध्ययनरत रहेकोमा घरको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकोले पालनपोषण तथा पठनपाठनमा समस्या देखा परेको हुंदा काठमाडौंमा रहेको सृष्टि फाउण्डेसनलाई पालनपोषण सहित अध्ययनका लागि सिफारिस गरिदिन माग भए अनुसार सम्भावित अवसर र चुनौती दुबैलाई स्वयम् निवेदक एवं लाभग्राहीले बहन गर्ने गरी उक्त सिफारिस पत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

५. बागमती गाउँ कार्यपालिकाको कार्यालयद्धारा आमाबाबुविहीन बालबालिकाको आवेदन संकलनका लागि मिति २०८२/०९/१४ गते दोस्रो पटक प्रकाशित सूचना अनुसार प्रचलित कानुन बमोजिम आवेदन फाराम भरेका देहायका आमाबाबुविहीन (आमाबाबु दुबैको मृत्यु भएको एवं आमाबाबुको संरक्षणमा नरहेको) बालबालिकाहरुलाई बागमती प्रदेश सरकारबाट आमाबाबुविहीन बालबालिका संरक्षण कार्यक्रम शीर्षकमा प्राप्त रु. १ लाख २० हजार बजेट र बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा बाबुआमा बिहीन बालबालिकाको संरक्षण कार्यक्रम शीर्षकमा विनियोजित रु. ६ लाख बजेटबाट बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको स्थानीय तहमा विनियोजित सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन आ.व. २०८२/०८३ अनुसार मासिक रु. २ हजारका दरले रकम उपलब्ध गराउने।

देहाय

| क.सं. | बालबालिकाको नाम, थर | संरक्षकको नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अस्मी माझी | KRISHNA RAM MAJHI | बागमती-०५ | आमाबाबु दुबैको मृत्यु भएको |
| २ | अञ्जिता माझी | KRISHNA RAM MAJHI | बागमती-०५ | |
| ३ | दिल कुमारी वि. क. | SAROJ B.K. | बागमती-०४ | |
| ४ | शर्मिला विश्वकर्मा | SAROJ B.K. | बागमती-०४ | |
| ५ | सुस्मिता वि.क. | SAROJ B.K. | बागमती-०४ | |
| ६ | मिसन वाइवा | MAN BAHADUR THOKAR | बागमती-०७ | आमा र बुवा दुवै बेपत्ता भएको एवं आमाबाबुको संरक्षणमा नरहेको |
| ७ | रोशन वाइवा | MAN BAHADUR THOKAR | बागमती-०७ | |
| ८ | पुरुषोत्तम स्याङ्तान | DIL BAHAUR SINTAN | बागमती-०८ | |
| ९ | सलिना रुम्बा | TEK BAHADUR RUMBA | बागमती-०७ | |
| १० | अञ्जु घलान | SARKI MAN GHALAN | बागमती-०७ | |
| ११ | अमृत वाईवा | RAM BAHADUR WAIBA | बागमती-०७ | |

सर्केश घलान
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १२ | अविनास वाईवा | RAM BAHADUR WAIBA | बागमती-०७ | |
| १३ | अविरल वाईवा | RAM BAHADUR WAIBA | बागमती-०७ | |
| १४ | अविशेक वाईवा | RAM BAHADUR WAIBA | बागमती-०७ | |
| १५ | अनराज वाईवा | RAM BAHADUR WAIBA | बागमती-०७ | |
| १६ | एञ्जिना भोलन | DIL MAYA BHOLAN | बागमती-०७ | |
| १७ | अशोक सिंतान | SUKU MAYA SINGTAN | बागमती-०८ | |
| १८ | सुमन योञ्जन | BHAKTA BAHADUR THING | बागमती-०७ | |
| १९ | ईन्दिरा भोलन | DIL MAYA BHOLAN | बागमती-०७ | |
| २० | अनिष गोले | SARISHPA PAKHRIN | बागमती-०८ | |
| २१ | अनिल गोले | SARISHPA PAKHRIN | बागमती-०८ | |

सर्केश घलान
अध्यक्ष

CamScanner